# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्याउली, भोजपुर
## कोशी प्रदेश, नेपाल

९८५२०८२३३३
arunrmun@gmail.com
https://arunmun.gov.np/


पत्र संख्याः २०८२/८३
चलानी नम्बर: २०३६

नेपाल संवत्:- ११४६

मितिः- २०८३।०२।१२

श्री विषयगत शाखाहरु (सबै)
श्री वडा कार्यालयहरु (सबै)
श्री सामुदायिक विद्यालयहरु (सबै)
श्री संघसंस्था तथा उपभोक्ता समितिहरु (सबै)
श्री परामर्शदाता (सबै)
श्री गाउँपालिकासँग सम्झौता भई निर्माण कार्य गरिरहेका निर्माण व्यवसायीहरु (सबै)
तथा सम्बन्धित सरोकारवाला (सबै)
अरुण गाउँपालिका, भोजपुर।

**विषयः- चालु आ.व. २०८२/०८३ को सम्झौता र भुक्तानी सिमा तथा खाता बन्द हुने सम्बन्धमा।**

प्रस्तुत विषयमा चालु आ.व. २०८२/०८३ मा यस गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम समयसीमा २०८३/०२/२२ सम्म गाउँपालिका स्तरीय निर्णयबाट कायम गरिएको छ, साथै योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। यद्यपि, वर्षादको मौसम, विद्युत तथा इन्टरनेट सेवामा आइपर्ने समस्या तथा भुक्तानीका लागी प्रयोग हुने स्थानीय सचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा अत्याधिक कार्यचाप हुन गई SUTRA को सर्भर न्युन गतिमा चल्ने, डाउन हुने लगायतका समस्या आईपर्ने भएकोले सम्बन्धित व्यक्ति, वडा तथा शाखाका कर्मचारीहरु, विद्यालय, आपुर्तिकर्ता, सेवा प्रदायक संघसंस्था, उपभोक्ता समिति, निर्माण व्यवसायी लगायत सरोकारवाला सबैले सम्पुर्ण प्रकृया पुरा गरी मिति २०८३/०३/१५ गते कार्यालय समय भित्र अनिवार्य कागजातहरु पेश गरी भुक्तानी लिई सक्नुपर्नेछ। सो अवधिभित्र रकम भुक्तानी नलिई निकासा बन्द भएमा कार्यालय जिम्मेवार नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

.............................
सिताराम आचार्य
आर्थिक प्रशासन शाखा प्रमुख
सिताराम आचार्य
आर्थिक प्रशासन शाखा प्रमुख

.............................
जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत
जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थः**
श्रीमान् गाउँपालिका अध्यक्षज्यू।
श्रीमान् गाउँपालिका उपाध्यक्षज्यू।